# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२

मितिः २०८२/१२/२०

एजेण्डाहरुः

१. समीक्षा सम्बन्धमा।
२. प्रदेश समपुरक तथा विशेष अनुदानका योजना छनौट सम्बन्धमा।
३. सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धमा।
४. योजना जाँचपास तथा फरफारक सम्बन्धमा।
५. चौमासिक खर्च सार्वजनिक सम्बन्धमा।
६. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल चालु आर्थिक वर्षको समाप्त हुन केही महिना मात्र बाँकी रहेको अवस्थामा प्रदेशस्तरीय, केन्द्रस्तरीय तथा पालिकास्तरीय योजना/कार्यक्रमहरूको समग्र समीक्षा गर्दा हालसम्मको भौतिक तथा वित्तीय प्रगति मिश्रित देखिएको छ। केही योजना लक्ष्यअनुसार सम्पन्न भए पनि केहीमा ढिलाइ स्रोत-साधन अभाव, प्राविधिक जटिलता तथा समन्वयको कमीका कारण अपेक्षित प्रगति हासिल गर्न नसकेको हुँदा लक्ष्यअनुसारको प्रगित हासिल गर्नका लागि वडा कार्यालय एवम् विषयगत शाखाहरुलाई निर्देशन प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखराको च.नं. १९० मिति २०८२/१२/०४ गतेको पत्र अनुसार आ.व. ०८३/०८४ का लागि प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम तपसिल बमोजिमका योजना छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**तपसिल**

| समपुरक अनुदान प्रदेश तर्फ | | |
|---|---|---|
| **क्र.स.** | **आयोजनाको नाम** | **बजेट** |
| १. | अर्जुनचौपारी-केवरे-लामडाँडा सडक स्तरोन्नति | १ करोड |
| २. | अर्जुनचौपारी-सल्यान-आग्रीखर्क सडक स्तरोन्नति | २ करोड |

| विशेष अनुदान प्रदेश तर्फ | | |
|---|---|---|
| **क्र.स.** | **आयोजनाको नाम** | **बजेट** |
| १. | AI Based Learning/ विद्यालय शिक्षा सुधार कार्यक्रम | ४० लाख |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८१/१२/२६ गते अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ नयाँबस्ती, राम्चेमा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु हाल सम्म २०५ वटा योजना सम्झौता भएकोमा ७२ वटा योजनाहरुको अनुगमन पश्चात रकम भुक्तानी गरिएको र बाँकी १३३ वटा योजना कार्यान्वयनको अवस्थामा रहेको हुँदा उक्त योजनाहरु यथाशीघ्र सम्पन्न गर्न पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिक अवधिसम्मको जम्मा खर्च रु. २० करोड ८१ लाख ५१ हजार रहेकोमा चालु खर्च रु. १४ करोड ७१ लाख ०१ हजार (४६.२१ प्रतिशत) तथा पूँजीगत खर्च रु. ६ करोड १० लाख ५० हजार (३६.३६ प्रतिशत) रहेकोमा उक्त खर्च वृद्धिका लागि बजेट कार्यान्वयनलाई तीव्रता दिई लक्ष्य हासिल गर्न सम्बन्धित शाखा/इकाइलाई प्रभावकारी रूपमा परिचालन गर्ने निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२
मितिः २०८२/१२/२०

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.स. | साविक गा.वि.स | वडा नं |  | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
|  |  | हाल | साविक |  |  |  |  |
| १ | अर्जुनचौपारी | १ | ४ | १४९<br>६१५ | आवस | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| २ | अर्जुनचौपारी | १ | ४ | ५०९ | सार्वजनिक | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ३ | अर्जुनचौपारी | १ | २ | १२२३ | वर्गिकरणमा छुटेको | आवस | हेलु- अर्जुनचौपारी सडक केन्द्र बाट १०० मि भित्रको |
| ४ | रापाकोट | ३ | ४ | ९३,१११४,<br>१५२६,१५३८ | आवास | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ५ | रापाकोट | ३ | ७ | २२०६,२०४५,<br>६३३,१९५६,<br>६८७,१३७५ | वर्गिकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ६ | रापाकोट | ३ | ७ | २१६९,६४४,<br>६५१,१५३७ | सार्वजनिक,वन | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ७ | रापाकोट | ३ | ४ | १३७,१५३०,<br>१५३८,१५५६ | सार्वजनिक,वन | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ८ | अर्जुनचौपारी | १ | ५ | २१२८,२१२७,<br>२२७२,२२७३,<br>३२५४,३३९४ | वर्गिकरणमा छुटेको | आवस | अर्जुनचौपारी बजार सडक केन्द्र बाट १०० मि भित्रको |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२
मितिः २०८२/१२/२०

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी दीर्घनारायण काफ्लेका छोरा न.प्र.नं. ८२०९६ वर्ष ४१ का प्रेम प्रसाद काफ्ले मानसिक समस्या पीडित रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको कारणले निजको उपचारका समस्या भएकोले निजको उपचारका लागि अर्जुनचौपारी गाउँपालिकाको पहलमा भरतपुरस्थित चितवन मेडिकल कलेजसम्म लैजाँदा लागेको खर्च बापतको रकम सवारीधनी सतविर सुनारलाई भुक्तानी दिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. १६,००० (सोह्र हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ग) माथि छलफल गर्दा ठेक्का नं. ACRM/NCB/W/RD/13/081/082 अन्तर्गत Ward 5 र 6 को सडक पिच सुधार (Upgrading of Approach Road) कार्यको ठेक्काको म्याद मिति २०८२ चैत्र मसान्त रहेकोमा ठेकेदार Pokhara-Manoj-Todays Joint Venture ले ZEN-Z आन्दोलन, बडादशैं, तिहार, छठ जस्ता ठूला चाडबाड एवम् प्रतिनिधि सभा निर्वाचनका कारणले तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न असम्भव भएको कारणले म्याद थप गरिपाउँ भनी कार्यालयमा निवेदन पेश गरेको हुँदा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गरी मिति २०८३ आषाढ १५ गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (घ) माथि छलफल गर्दा शुक्लागण्डकी नगर उद्योग बाणिज्य संघको आयोजनामा मिति २०८२ साल चैत्र ०६ गतेदेखि चैत्र १७ गतेसम्म सञ्चालन भएको अन्तर पालिकास्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगितामा अर्जुनचौपारी गाउँपालिका दोस्रो स्थान हासिल गर्न सफल भएको उक्त टिमलाई जिल्ला/पालिकास्तरीय खेलकूद कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. २०,०००/- (अक्षरुपी बीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२
मितिः २०८२/१२/२०

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ङ) माथि छलफल गर्दा युथ फर अर्जुनचौपारी (VAYA GUYS) दरौंखोला फुटबल क्लबको आयोजनामा मिति २०८२/१०/१३ देखि १५ गतेसम्म सञ्चालन भएको अन्तर पालिकास्तरीय खुल्ला पुरुष 7 A SIDE प्रतियोगिताका लागि जिल्ला/पालिकास्तरीय खेलकूद कार्यक्रम (राष्ट्रपति रनिङ शिल्ड, खेल सहायता र खेलकूद सामाग्री खरिद समेत) शीर्षकबाट रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी नन्दलाल पौडेलको नातिनी विमला पौडेल छोरी वर्ष २ की साइसा पौडेल ब्रेन ट्युमर भई त्रि.वि. शिक्षण अस्पताल काठमाडौंमा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. २५,००० (अक्षरेपी रू. पच्चिस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (छ) माथि छलफल गर्दा संघर्ष जन-आवाज मिडिया प्रा.लि.को आयोजनामा एवम् केन्द्रीय प्याब्सन केन्द्रीय पेट्सन र राष्ट्रिय नव प्रतिभा मञ्च नेपालको सह-आयोजनामा मिति २०८२ फागुण १२ गतेदेखि १४ गतेसम्म राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सञ्चालन भएको National Student Talent Competition–2082 को Grand Finale Round मा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित अर्जुनचौपारी चिल्ड्रेन्स एकेडेमीका विद्यार्थीहरूले नृत्य एवम् हस्तलेखनमा उत्कृष्ट प्रदर्शन गरेको हुँदा विद्यालय, विद्यार्थी र शिक्षक प्रोत्साहन कार्यक्रम शीर्षकबाट तपसिल बमोजिमको प्रोत्साहन प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| सि.नं. | विद्यार्थीको नाम | विधा | स्थान | प्रोत्साहन रकम |
|---|---|---|---|---|
| १. | श्री युनिशा गुरुङ | नृत्य | द्धितीय | २५०००।- |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२

मितिः २०८२/१२/२०

| | | | | |
|---|---|---|---|---|
| २. | श्री जेनिसा के. सी. | हस्तलेखन | द्धितीय | २५०००।- |
| ३. | श्री सोनिक के.सी. | हस्तलेखन | सान्त्वना | २५०००।- |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ज) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी रजे दमैको छोरा वर्ष ६९ का टेक बहादुर दमै स्वास्थ्य सम्बन्धी गम्भीर समस्या भई जनता अस्पताल भारतमा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अन्य सामाजिक सहाता शीर्षकबाट रु. १०,००० (अक्षरेपी रू. दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (झ) माथि छलफल गर्दा ठेक्का नं. ACRM/NCB/W/RD/01/082/083 अन्तर्गत बिरौटा चोक-कौडाँडा-माझपाटा सडक तथा बिरौटा-माझपाटा सडक निर्माण कार्यका लागि रु. ५०,००,०००।- को ठेक्का आह्वान गरिएकोमा Satya Nirman Sewa ले रु. ४३,०२,८६८.५२ मा ठेक्का सम्झौता गरी निर्माण कार्य सञ्चालन गरेको र उक्त ठेक्काबाट बाँकी रहेको रकम सोही सडक खण्डको निर्माण कार्य सम्पन्न गर्न खर्च गर्न आवश्यक देखिएको हुँदा, बाँकी रकमबाट सोही सडक खण्डमा आवश्यक निर्माण कार्य निरन्तर सञ्चालन गर्ने तथा सोही बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ञ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको विकास, गुणस्तर अभिवृद्धि, पहुँच विस्तार एवम् समावेशी शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले अर्जुनचौपारी गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२

मितिः २०८२/१२/२०

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ट) माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को संघीय शशर्त अनुदान डेरी प्रवर्दन कार्यक्रमका लागि रु ५ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाबाट मिति २०८२/१०/११ गते प्रकाशित सूचना प्रकाशन गरिएकोमा श्री डहरे देउराली कृषि साना किसान सहकारी संस्था लि. अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ आरुचौरले मात्र उक्त कार्यक्रमका लागि ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्रस्तावना पेश गरेको हुँदा यस कार्यालयबाट गरिएको अनुगमन एवम् आर्थिक विकास समितिको सिफारिस अनुसार तपसिलका कार्यकहरु गर्ने गरी उक्त संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| सि.नं. | कार्यक्रमको नाम | बजेट रु हजारमा |
|---|---|---|
| १. | डेरी सामाग्री खरिद | ९९० |
| २. | कृषक तालिम/भ्रमण | ५५ |
| ३. | अनुगमन तथा मूल्याङ्कन | ५५ |
| | **जम्मा** | ११०० |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ठ) माथि छलफल गर्दा नवग्रह कृषि फर्ममा लगाइएका बालीहरूको कटानीका लागि धेरै जनशक्तिको आवश्यकता पर्ने भएकाले खर्च न्यूनीकरण गर्न ब्रस कटर तथा सिँचाइको सुनिश्चितताका लागि ५००० लिटर क्षमताको पानी ट्यांकी खरिदका लागि आर्थिक वर्ष २०८२/०८३ को संघीय शशर्त कार्यक्रम अन्तर्गत गाउँपालिकाद्वारा सञ्चालित व्यावसायिक तरकारी तथा कृषि वस्तु उत्पादन प्रवर्द्धन शीर्षकबाट उक्त सामग्रीहरू खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ड) माथि छलफल गर्दा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सर्वोच्च नीति निर्माण गर्ने थलो संघीय संसद्को सदस्यजस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा डा. धनञ्जय रेग्मी ज्यूलाई अर्जुनचौपारी गाउँपालिकाको तर्फबाट हार्दिक बधाई तथा सम्मान व्यक्त गर्दै,

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५२

मितिः २०८२/१२/२०

विगतका माननीयज्यूहरूसँग जस्तै आगामी दिनहरूमा यहाँसँग पनि यस क्षेत्रको चौतर्फी विकास र समृद्धिका लागि आपसी सहकार्य, समन्वय एवम् सहअस्तित्वको भावना निरन्तर रहनेछ भन्ने विश्वास लिएका छौं र लोकतान्त्रिक मूल्य तथा जनभावनाको कदर गर्दै यहाँको कार्यकाल ऐतिहासिक तथा उदाहरणीय बनोस् भन्ने शभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ढ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका महिलाहरूको सीप विकास,आर्थिक सशक्तीकरण तथा आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३/०१/०८ गतेदेखि २०८३/०२/११ गतेसम्म सञ्चालन गर्न लागिएको एडभान्स ब्युटीसियन तालिमका लागि सीपमूलक तथा रोजगारमूलक कार्यक्रम एवम् Women Inspire शीर्षकबाट खर्च गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ढ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ स्थित देवीस्थान-भिर्कुना मोटरबाटो ढलान कार्यका लागि चालु आर्थिक वर्ष२०८२/०८३ मा रु ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैयाँ) बजेट विनियोजन भएकोमा उक्त रकमबाट मात्र निर्माण कार्य सम्पन्न हुन नसक्ने देखिएकोले मोटरबाटो ढलान कार्य समयमै सम्पन्न गर्न समपुरक कोषबाट थप रु ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैयाँ) व्यवस्था गरी कुल रु १०,००,०००।- (अक्षरुपी दश लाख रुपैयाँ) को लागतमा निर्माण कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता